# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५४) काठमाडौं, असोज २७ गते २०६१ साल (अतिरिक्ताङ्क ३३


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) गर्ने व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना:** नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नको निमित्त आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "हातहतियार" भन्नाले राइफल, बन्दुक, तोप, पिस्तोल, रिभल्वर, मेशीनगन, रकेट, रकेट लन्चर वा त्यस्तै अन्य कुनै प्रकारका साधन वा यन्त्र वा भाला, चक्कु, खुकुरी वा धार भएको वा नभएको शरीरलाई क्षति पुऱ्याउने अन्य जोखिमी हतियार सम्झनु पर्छ ।

(ख) "खरखजाना" भन्नाले धुमिका संकेत (फग सिग्नल) फ्यूज, बारुद, केप, गोला, छर्रा, पड्काउने बस्तु (डिटोनेटर), कार्तुश र यस्तै किसिमको अन्य खरखजाना सम्झनु पर्छ ।

(ग) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित आफैं वा अन्य कुनै साधनद्वारा विष्फोट हुने गरी बनाइएको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रिनेड वा ल्याण्ड माइन्स वा अन्य कुनै प्रकारको विष्फोटक पदार्थयुक्त अस्त्र वा विष्फोटन हुने वा गराउने जुनसुकै प्रकारको पदार्थ सम्झनु पर्छ ।

(घ) "विष्फोटक पदार्थ" भन्नाले पड्की क्षति पुऱ्याउने टी.एन.टी. एमाटोल, बारोटोल, पेन्टोलाईट, आर.डी.एक्स, टोरपेकस, प्लाष्टिक एक्स्प्लोसिभ,



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागद्वारा प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

642

डाइनामाईट, बारुद, नाईट्रो ग्लिसिरिन, जेलेग्नाईट, स्टेमाईट, सेल्साईट, गनकटन, ब्लास्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्यूनेट र सोही सरह भए वा नभए तापनि विष्फोटनद्वारा असर गर्ने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरु जुनसुकै पदार्थ सम्झनु पर्छ ।

(ङ) "विषालु पदार्थ" भन्नाले कुनै पनि प्रकारको विष वा त्यस्तो विष मिसाइएको ठोस वा तरल पदार्थ सम्झनु पर्छ र सो शब्दले जुनसुकै प्रकारको विषालु धुवाँ वा ग्याँसलाई समेत जनाउँछ ।

(च) "सुरक्षाकर्मी" भन्नाले प्रहरी वा सशस्त्र प्रहरी वा शाही नेपाली सेना वा श्री ५ को सरकारले आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोकथाम तथा नियन्त्रणको काममा खटाएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "आतङ्ककारी तथा विध्वंसात्मक कार्य" भन्नाले दफा ३ मा उल्लिखित आतङ्ककारी तथा विध्वंसात्मक कार्य सम्झनु पर्छ ।

(ज) "आतङ्ककारी" भन्नाले दफा ३ बमोजिमको आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूह सम्झनु पर्छ ।

(झ) "मतियार" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छ :-

(१) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न कुनै व्यक्ति वा समूहसंगको सम्पर्कमा रही सहयोग पुऱ्याउने व्यक्ति,

(२) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई कुनै सूचना दिने वा आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहको सूचना प्रवाह गर्ने व्यक्ति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) करकापमा परेको अवस्थामा बाहेक आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जानी जानी आर्थिक, भौतिक वा आश्रय दिई सहयोग गर्ने व्यक्ति,

(ञ) "सम्पत्ति" भन्नाले नेपाल अधिराज्यभित्र वा बाहिरको सरकारी वा सार्वजनिक वा निजी चल अचल सम्पत्ति सम्झनु पर्छ ।

(ट) "सुराकी" भन्नाले आतङ्ककारी तथा विध्वंसात्मक कार्य तथा विष्फोटक पदार्थका सम्बन्धमा सुरक्षाकर्मी तथा श्री ५ को सरकारलाई सूचना दिने वा सूचना दिन मद्दत पुऱ्याउने व्यक्ति सम्झनु पर्छ ।

(ठ) "सुरक्षा अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको श्री ५ को सरकारको राजपत्रांकित अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ड) "आदेश" भन्नाले श्री ५ को सरकार वा सुरक्षा अधिकारीले जारी गरेको आदेश सम्झनु पर्छ ।

३. <u>आतङ्ककारी तथा विध्वंसात्मक अपराधः</u> (१) कसैले देहायको कुनै कार्य गरेमा आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछः-

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा नेपाल अधिराज्य वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्था वा विदेशस्थित नेपाली कुटनीतिक नियोग वा सम्पत्तिको सुरक्षामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पत्तिमा क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जीउज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने कार्य वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जीउज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने वा माथि उल्लिखित कुनै कार्य गरी सर्वसाधारण जनता वा आवत जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतङ्कित तुल्याउने कुनै कार्य, वा

(ख) खण्ड (क) बमोजिमको उद्देश्यको निमित्त सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधन सहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने कार्य, वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, सञ्चय गर्ने, ओसार पसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिंड्ने वा जडान गर्ने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
६५५

जानी जानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने कार्य, वा

(घ) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यको निमित्त मानिस भेला गराउने, प्रशिक्षण दिने जस्तो कार्य, र

(ङ) यस उपदफा बमोजिमको उद्देश्यको निमित्त जवरजस्ती नगदी वा जिन्सी उठाउने, सम्पत्ति लुटपिट गर्ने कार्य ।

(२) कसैले आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्योग वा षडयन्त्र गरेमा वा सो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो कार्य गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न कुनै गिरोह वा समूह खडा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्यको प्रचार प्रसार गरे गराएमा वा सरकारी सञ्चार पद्धतिमा व्यवधान खडा गरेमा त्यस्तो कार्यलाई समेत आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ ।

तर, करकापबाट गराईएको कार्यलाई आतङ्ककारी तथा विध्वंसात्मक अपराध मानिने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको अपराध गर्ने व्यक्ति उपर यस अध्यादेश बमोजिम कारबाही तथा सजाय हुनेछ ।

४ <u>अध्यादेशको बहिर्क्षेत्रीय प्रयोग</u>: आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले नेपाल अधिराज्य वा नेपाली नागरिक वा नेपाल अधिराज्यको कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध नेपाल अधिराज्य बाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध नेपाल अधिराज्यभित्र गरे सरह मानी निजलाई यसै अध्यादेश बमोजिम कारबाही र सजाय हुनेछ ।

५ <u>आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्ने विशेष अधिकार</u>: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल अधिराज्यको सबै वा कुनै भागमा र सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको भन्ने पर्याप्त र मनासिव शङ्काको आधारमा पकाउ गरी पकाउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिने,

(ख) अवैध हातहतियार, खरखजाना, बम वा विष्फोटक पदार्थ राखेको वा आतङ्ककारीसंग सम्बन्धित कुनै शङ्कास्पद व्यक्ति लुकेछिपेको छ भन्ने शङ्का लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचना दिई जुनसुकै समयमा खानतलासी लिने र खानतलासीको क्रममा बरामद भएका मालवस्तुहरु बुझेको भए सोको भर्पाई दिने,

(ग) आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटो घाटोमा कसैको जीउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन वा सवारी साधनको खानतलासी लिने,

(घ) खण्ड (क) बमोजिम पकाउ गर्दा वा खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिंदा वा अन्य कुनै कारबाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार सहित बाधा विरोध गरेमा हातहतियार प्रयोग गर्ने,

(ङ) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरिरहेको वा गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(च) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले जवरजस्ती कब्जा गरी राखेको स्थान वा सवारी साधन वा वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधन वा त्यस्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
६२६

साधनहरुमा बन्धक बनाई राखेको मानिसलाई छुटाउने क्रममा निजहरुको जीउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा अन्य नोक्सानीबाट बचाउन आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(छ) कर्तव्य पालनको सिलसिलामा कुनै व्यक्ति वा समूहले कुनै सुरक्षाकर्मी उपर आक्रमण गरेको अवस्थामा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ज) कुनै व्यक्ति वा समूहले कुनै स्थान विशेषमा कार्यरत सुरक्षाकर्मीलाई जीउ धनमा असर पुऱ्याउने उद्देश्यले कुनै हातहतियार लिई धम्की दिएमा वा धम्की दिने चेष्टा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(झ) कुनै व्यक्ति वा समूहले सुरक्षाकर्मीद्वारा सुरक्षा प्रदान गरिनु पर्ने व्यक्तिहरु वा सुरक्षाकर्मीले सुरक्षा गरिरहेको सर्वसाधारण जनता, सरकारी काममा खटिएका कर्मचारी वा सरकारी सामान वा सुरक्षाकर्मीको जीउज्यानमा असर पुऱ्याउने उद्देश्यले आक्रमण गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ञ) हतियारधारी व्यक्ति वा समूहसंग मुठभेड भएमा वा तोकिएको कार्य गर्न लाग्दा सुरक्षाकर्मीलाई बिना हातहतियार वा हतियारसहित कुनै व्यक्ति वा समूहले अवरोध खडा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ट) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले हातहतियार लिई हिंडने व्यक्ति वा समूह, हातहतियार भण्डारण गर्ने वा तालीम सञ्चालन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने इलाकामा सुरक्षाकर्मीले आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ठ) सुरक्षाकर्मीले आवश्यकतानुसार कुनै पनि हतियारधारी व्यक्ति वा समूहसंग रहेको हतियार नियन्त्रणमा लिई आफ्नो जिम्मामा लिने वा हतियारधारीलाई निःशस्त्र पार्ने,

(ड) कुनै पनि शङ्कास्पद व्यक्ति वा स्थानको निगरानी गर्ने र आवश्यक परेमा त्यस्तो व्यक्तिलाई पकाउ गर्ने वा शङ्कास्पद स्थानको तालाबन्दी वा नाकाबन्दी गर्ने,

(ढ) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने पर्याप्त र मनासिव आधारमा शङ्का लागेको व्यक्तिको बैंक खाता वा राहदानी निश्चित अवधिको लागि रोक्का गर्ने ।

६. **सम्पत्ति प्राप्त गर्न सक्नेः** आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा रोकथामको सिलसिलामा आवश्यक पर्ने निजी वा सरकारी सवारी साधन, खाद्य सामग्री वा अन्य चिज वस्तु वा सम्पत्ति श्री ५ को सरकार वा सुरक्षा अधिकारीले उचित र प्रचलित मूल्य बराबरको क्षतिपूर्ति दिने गरी वा पछि फिर्ता गर्ने गरी प्राप्त गर्न सक्नेछ ।

७. **आतङ्क प्रभावित क्षेत्र तथा आतङ्ककारी घोषणा गर्न सक्नेः** (१) श्री ५ को सरकारले आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रलाई आतङ्क प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) यस अध्यादेश अन्तर्गत सजाय हुने अपराधमा संलग्न कुनै व्यक्ति, संघ, संस्था, संगठन वा समूहलाई श्री ५ को सरकारले आतङ्ककारी घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा स्वतः आतङ्क प्रभावित क्षेत्र घोषणा भएको मानिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **हातहतियार वा खरखजाना साथमा लिई हिंड्न निषेध गर्न सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिम घोषित आतङ्क प्रभावित क्षेत्रमा श्री ५ को सरकारले तोकेको समयसम्मको लागि कसैले प्रचलित कानून बमोजिम लाइसेन्स प्राप्त हातहतियार वा खरखजाना आफ्नो साथमा लिई हिंड्न मनाही गर्ने गरी वा त्यस्तो हातहतियार वा खरखजाना तोकेको अवधिभरको लागि तोकेको स्थानमा जम्मा गर्नु पर्ने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश उल्लङ्घन गर्ने व्यक्तिसंग रहेको हातहतियार वा खरखजाना जफत हुनेछ ।

९. **नजरबन्दमा राख्न सक्ने:** आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई छ महिनासम्म कुनै मानवोचित ठाउँमा नजरवन्द राख्ने आदेश जारी गर्न सक्नेछ । त्यसरी नजरबन्द राखिएको व्यक्तिलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट थप समय रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयको स्वीकृति लिई थप छ महिनासम्म यस दफा बमोजिम नजरवन्द राख्ने आदेश जारी गर्न सक्नेछ ।

१०. **दण्ड सजाय:** (१) यस अध्यादेश बमोजिम अपराध मानिने कुनै आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरी कसैको जीउज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई सर्वस्वसहित जन्मकैद हुनेछ ।

(२) यस अध्यादेश बमोजिमको अपराध भैसकेको तर कसैको जीउज्यान गएको रहेनछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई जन्मकैद हुनेछ ।

(३) यस अध्यादेश बमोजिमको अपराध गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा समूह खडा गरेमा वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विपालु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार पसार वा आयात निर्यात गरेमा वा कुनै प्रकारले लिनु दिनु गरेमा वा प्रचार प्रसार गरे गराएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

(४) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिबाट सम्पत्तिको क्षति भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भाग बमोजिम हुने सम्पत्ति जफत गरी त्यसबाट दिलाई भराई दिइनेछ । त्यसरी भराई दिंदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम बापत प्रचलित कानून बमोजिम जरिवाना नतिरे सरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ ।

(५) यस अध्यादेश अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(६) दफा ५ को खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिंदा कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई एक महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

११. <u>थुनामा राखी पुर्पक्ष गरिने</u>: यस अध्यादेश बमोजिमको अपराधको गाम्भीर्यता हेरी अभियोग लागेको अभियुक्तलाई मुद्दाको पुर्पक्ष गर्दा सामान्यतया थुनामा राखी गरिनेछ ।

१२. <u>सभा सम्मेलन गर्न र विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्न पाउने</u>: दफा ७ बमोजिम घोषित आतङ्क प्रभावित क्षेत्रमा यस अध्यादेशको प्रतिकूल नहुने गरी बिना हातहतियार शान्तिपूर्वक सभा सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवत जावत गर्न बाधा पर्ने छैन ।

१३. <u>अनुगमन तथा समन्वय सम्बन्धी व्यवस्था</u>: (१) आतङ्ककारी तथा विध्वंसात्मक अपराधको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीले यस अध्यादेश बमोजिम प्राप्त अधिकार प्रयोग गरी गरेको काम कारबाहीबाट मर्का परेको व्यक्ति वा निजको तर्फबाट अरु कसैले देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहेको अनुगमन समिति समक्ष निवेदन दिन सक्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६७

(क) सर्वोच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त व्यक्ति मध्ये श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) सचिव, रक्षा मन्त्रालय - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ङ) नायव महान्यायाधिवक्ता, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(२) अनुगमन समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गर्दा निवेदकलाई मर्का परेको देखिएमा त्यस्तो मर्का निवारण गर्न सम्बन्धित निकायलाई आवश्यक परामर्श दिई देखापरेको समस्या र समाधानका उपायका बारेमा श्री ५ को सरकारलाई आवश्यक सुझाव समेत दिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिले सम्पन्न गरेको काम कारबाहीको जानकारी प्रतिनिधि सभा, राज्य व्यवस्था समितिलाई दिनु पर्नेछ ।

(५) आफ्नो कार्य क्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्न वा नियन्त्रण गर्नको लागि शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यक अन्य सरकारी निकायको बीच समन्वय कायम गर्न सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र आवश्यक अन्य सरकारी निकायको प्रमुख सदस्य रहेको एक समन्वय समिति रहनेछ ।

(६) उपदफा (५) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

१४. <u>जफत हुने</u>: (१) कसैले यस अध्यादेश बमोजिम सजाय हुने अपराध गरेमा त्यस्तो अपराध गर्नको लागि कुनै सम्पत्ति, उपकरण वा साधन प्रयोग गरेको रहेछ भने सो समेत जफत हुनेछ ।

तर त्यस्तो सम्पत्ति, उपकरण वा साधन धनीको सहमति बिना प्रयोग गरिएको भएमा जफत हुनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ३ बमोजिम अपराध मानिने कार्य वा सो कार्यमा सघाउ पुऱ्याउने कार्यको लागि जानी जानी प्रयोग गरिएको प्रचार प्रसारको साधन, हातहतियार, नगदी जिन्सी सबै जफत हुनेछ ।

(३) कसैले यस अध्यादेश बमोजिम अपराध मानिने कुनै कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको ठहरिएमा निजलाई दफा १० बमोजिम हुने सजायको अतिरिक्त नेपाल अधिराज्यभित्र रहेको निजको अंश भागको चल अचल सम्पत्ति समेत जफत हुनेछ ।

१५. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदन:** (१) यस अध्यादेश अन्तर्गतको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस अध्यादेश अन्तर्गतका मुद्दामा कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **सरकार वादी हुने:** यस अध्यादेश अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा परेको मानिनेछ ।

१७. **विशेष कार्यविधि:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश अर्न्तगत आतङ्ककारी तथा विध्वंसात्मक अपराध मानिने कुनै कार्य गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्न सकेसम्म हुलिया समेत खुलाई पन्ध्र दिनको वारेण्ट जारी गर्नु पर्नेछ । सो म्यादभित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्ति उपर यस अध्यादेश बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

(२) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने समूहमा कुनै व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मीलाई सुराकीको रुपमा प्रयोग गर्न सकिनेछ र सो व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मी सो समूहमा लागेको आधारमा निजलाई प्रचलित कानून बमोजिमको कुनै सजायको भागी बनाइने छैन ।

(३) सुराकीको पहिचान गोप्य राखिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिम कारबाही चलाइएको मुद्दामा मुछिएको अभियुक्तले श्री ५ को सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसंग महत्वपूर्ण कुरा वा सबुद प्रमाण देखाई दिएमा वा अपराधको वास्तविक नेतृत्व गर्ने मुख्य अपराधी पत्ता लगाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहको रुपमा कायम गर्न सकिनेछ र त्यसरी सरकारी गवाह कायम गरिएमा निजलाई प्रचलित कानून बमोजिम कुनै सजाय हुने छैन ।

तर, निजले झुट्टा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेश गरेमा वा मनासिव कारण नभई रिसइवीले काम गरेको देखिएमा त्यस्तो व्यक्तिलाई अभियुक्त सरह मानी सजायको लागि दावी भएमा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न सक्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिमको अपराधमा मुछिएको अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पकाउ भएको मितिले बढीमा साठी दिनसम्म अनुसन्धानको लागि प्रहरी हिरासतमा राख्न सकिनेछ ।

१८. **सञ्चार साधनमा नियन्त्रण**: आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा समूहको चिठ्ठी पत्र, टेलिफोन वा फ्याक्स जस्ता सञ्चार साधनमा श्री ५ को सरकारले नियन्त्रण गर्न सक्नेछ ।

१९. **उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था**: (१) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरीको अङ्गभङ्ग वा मृत्यु भएमा श्री ५ को सरकारले मनासिव माफिकको उपचार खर्च तथा क्षतिपूर्ति दिनेछ ।

(२) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्यक स्वास्थ्य उपचार तथा त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधा सम्बन्धी व्यवस्था श्री ५ को सरकारले गर्नेछ ।

(३) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा सुरक्षाकर्मीको कारबाहीको परिणामबाट मृत्यु भएका निर्दोष सर्वसाधारण व्यक्तिका आश्रीत परिवारलाई श्री ५ को सरकारले मनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६८४

(४) यो अध्यादेशको प्रयोग बदनियतपूर्वक गरिएको प्रमाणित भएमा सम्बन्धित मुद्दाको फैसलाको क्रममा मनासिव माफिकको क्षतिपूर्ति पीडितलाई दिइनेछ ।

२०. **असल नियतले गरेकोमा बचाउ:** यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायको भागी हुने छैन ।

२१. **हदम्याद नहुने:** यस अध्यादेश अन्तर्गतको मुद्दा दायर गर्ने कुरामा कुनै हदम्याद हुने छैन ।

२२. **पुरस्कार दिन सक्ने** आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्न गराउन प्रमुख भूमिका निर्वाह गर्ने व्यक्तिलाई पक्राउ गर्ने वा पक्राउ गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई श्री ५ को सरकारले उचित ठहऱ्याएको पुरस्कार दिन सक्नेछ ।

२३. **अधिकार प्रत्यायोजन:** श्री ५ को सरकारले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कुनै अधिकारीलाई प्रत्यायोजन गर्न वा प्रत्यायोजन गरेको अधिकार फिर्ता लिन सक्नेछ ।

२४. **नियम बनाउने अधिकार:** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२५. **यसै अध्यादेश बमोजिम हुने:** यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेश बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **बचाउ:** सम्वत् २०६० चैत्र २८ गते जारी भएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६० बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः-२०६१।६।२७४

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित। मूल्यः रु. १०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।